# विद्‌यालय दन्त स्याहार सेवा

विद्‌यालय दन्त स्याहार सेवा हङकङका सबै प्राथमिक विद्‌यालयका विद्‌यार्थीहरूका लागि स्वास्थ्य विभाग (Department of Health) द्‌वारा उपलब्ध गराइने दन्त स्याहार कार्यक्रम हो। यसले विद्‌यार्थीहरूलाई आधारभूत दन्त उपचार प्रदान गर्दछ र दन्त रोगहरूको रोकथामको लागि मुखको राम्रो स्वास्थ्य स्याहार बानीहरूलाई प्रोत्साहित गर्दछ।

## *सेवामा सामेल हुने*



सहभागी विद्‌यालयका विद्‌यार्थीहरूले नयाँ विद्‌यालय वर्षको सुरुवातमा विद्‌यालयमा नाम लेखाउन सक्नुहुन्छ। आमाबुवाहरूले आवेदन फाराम पूरा गरेर नाम मात्रको सानो शुल्कसहित विद्‌यालयमा फिर्ता गर्नुपर्नेछ। गैर-सहभागी विद्‌यालयहरूका विद्‌यार्थीहरूले व्यक्तिगत रूपमा सेवामा सहभागी हुन सक्नुहुन्छ। आमाबुवाहरूले नाम लेखाउनको लागि आफ्नो रोजाइको विद्‌यालय दन्त क्लिनिकमा सम्पर्क गर्न सक्नुहुन्छ।
विशेष अवस्थाहरूमा, तपाईंको बच्चा प्राथमिक विद्‌यालय तहमा पुग्नुभएको छ र पनि माथिको तरिकाबाट SDCS मा सामेल हुनुभएको छैन भने, कृपया सोधपूछको लागि हाम्रो विद्‌यालय दन्त क्लिनिकमा सम्पर्क गर्नुहोस्।

## *सेवा योजना*

योजनामा नाम लेखाउनुभएका विद्‌यार्थीहरूले हालको वर्षको 1 नोभेम्बरदेखि आगामी वर्षको 31 अक्टोबरसम्म एक वर्ष दन्त स्याहारको आनन्द लिन सक्नुहुन्छ। उहाँहरूलाई मुखको जाँच र उपचारका लागि विद्‌यालय दन्त क्लिनिकमा उपस्थित हुने व्यवस्था मिलाइनेछ। फलो-अपको आवश्यकता भएका विद्‌यार्थीहरूलाई थप अपोइन्टमेन्टहरू दिइनेछ।

## *सेवा प्रदायक*



दक्ष दन्त थेरापिस्ट वा दन्त शल्य-चिकित्सकहरूको निरीक्षण अन्तर्गत काम गर्ने तालिमप्राप्त गरिरहेका दन्त थेरापिस्टहरूद्वारा यो सेवा सञ्चालन गरिन्छ।

***सेवाको कार्यक्षेत्र***

विद्यार्थीहरूलाई निम्न सेवाहरू प्रदान गरिन्छ:









- राम्रो स्व-स्याहार दन्त बानीहरूलाई प्रोत्साहन गर्नको लागि मुखको स्वास्थ्य शिक्षा
- मुखको जाँच
- स्केलिङ, फिसर सिलेन्टको उपयोग जस्ता रोकथाम उपचारहरू
- दाँत भर्ने, निकाल्ने जस्ता साधारण दन्त उपचारहरू
- आवश्यक परेमा दन्त शल्य-चिकित्सकहरूद्वारा धेरै जटिल दन्त प्रक्रियाहरू पनि गर्न सकिन्छ।
- कार्यालय समयावधिमा आकस्मिक सेवा

## सेवा व्यवस्था



विद्यालयका प्राथमिकताका अनुसार विद्यार्थीहरूका लागि बस सेवा प्रदान गरिएको छ। व्यक्तिगत रूपमा नाम लेखाउनुभएका विद्यार्थीहरूका लागि, उहाँहरूलाई विद्यालय समयभन्दा पछि क्लिनिकहरूमा जाने व्यवस्था मिलाइनेछ। नाम लेखाएका विद्यार्थीहरूले कार्यालय अवधिमा पनि आकस्मिक सेवा खोज्न सक्नुहुन्छ।

## विद्यालय दन्त क्लिनिकहरू

विद्यालय दन्त क्लिनिकहरू Wanchai, Kowloon City, Lam Tin, Shatin, Tuen Mun, Kwai Chung र Fanling मा अवस्थित छन्। विद्यार्थीहरूलाई विद्यालयको स्थान अनुसार निम्न क्लिनिकहरू मध्ये एकमा उपस्थित हुने व्यवस्था मिलाइनेछ।

**Tang Shiu Kin School Dental Clinic**

286 Queen's Road East, Wanchai, Hong Kong

| | |
|---|---|
| **1/F, MacLehose Dental Centre** | 2892 2147 |
| **5/F, MacLehose Dental Centre** | 2892 2125 |

**Lam Tin School Dental Clinic**

2/F, Lam Tin Polyclinic, 99 Kai Tin Road, Lam Tin, Kowloon — 3163 4530

**1/F Argyle Street Jockey Club School Dental Clinic**

1/F, 147J, Argyle Street, Kowloon — 2760 5214

**3/F Argyle Street Jockey Club School Dental Clinic**

3/F, 147J, Argyle Street, Kowloon — 2760 5232

**Pamela Youde School Dental Clinic**

1/F, 31-33 Chap Wai Kon Street, Shatin, N.T. — 2210 1678

**Ha Kwai Chung School Dental Clinic**

1/F, Ha Kwai Chung Polyclinic & Special Education Services Centre, 77 Lai Cho Road, Kwai Chung, NT. — 3651 5587

**Tuen Mun School Dental Clinic**

16 Tsun Wen Road, Tuen Mun, N.T. 2460 5667

**Fanling School Dental Clinic**

2/F, Fanling Health Centre, 2 Pik Fung Road, Fanling, N.T. 2639 4646

## *विद्यालय दन्त स्याहार सेवा हातेपुस्तिका*

सबै नाम लेखाएका विद्यार्थीहरूलाई हातेपुस्तिका दिइन्छ। यसले आमाबुवाहरू र क्लिनिकका कर्मचारीबीचको सञ्चारलाई सुधार गर्न मद्दत गर्दछ। आमाबुवाहरूले प्रत्येक भेटमा प्रदान गरिएको रेकर्डहरूबाट आफ्नो बच्चाको दन्त विकास र मुखको स्वास्थ्य स्थिति बुझ्न सक्नुहुन्छ। हातेपुस्तिकाहरूमा मुखको स्वास्थ्य सम्बन्धी प्रश्न र उत्तर खण्ड पनि छ जसले बालबालिकामा पाइने केही सामान्य दन्त समस्याहरूसँग सामना गर्दछ।

## *हटलाइन र वेबसाइटहरू*

स्वास्थ्य विभागले विद्यालय दन्त स्याहार सेवा र मुखको स्वास्थ्य सम्बन्धी शिक्षाको लागि निम्न हटलाइन र वेबसाइटहरू सञ्चालन गर्दछ:

School Dental Care Service Hotline : 29286132

School Dental Care Service Website : www.schooldental.gov.hk

ToothClub Website : www.toothclub.gov.hk

नाम लेखाएका विद्यार्थीहरूले अनलाइन सेवाहरूको आनन्द लिन अनलाइन प्रयोगकर्ताको रूपमा दर्ता गर्न सक्नुहुन्छ।